# भद्रपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वार्षिक नीति तथा कार्यक्रम
## आ.व.२०७६/०७७

**नगरसभाका आदरणीय सदस्यज्यूहरु, कर्मचारी मित्रहरु सबैमा हार्दिक अभिवादन ।**

युगान्तकारी राजनीतिक परिवर्तनको जगमा रहेर **'सुखी नेपाली, समृद्ध नेपाल'** को राष्ट्रिय संकल्प आत्मसात गर्ने सन्दर्भमा यस गरिमामय चौथो नगरसभामा जननिर्वाचित नगरप्रमुखको हैसियतले भद्रपुर नगरवासीको विकास र समृद्धिका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त उत्साह एवम् खुशी प्रकट गर्दछु । साथै, यस महत्वपूर्ण क्षणमा राजनीतिक परिवर्तनका खातिर आफ्नो अमूल्य जीवन आहुति गर्ने ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको नीति तथा दायित्व, संघ, प्रदेश तथा स्थानीय तहको अधिकारसूची, नेपाललाई वि.सं. २०७९ सम्ममा अल्पविकसित राष्ट्रको सूचीबाट विकसित राष्ट्रको सूचीमा स्तरोन्नति गर्ने र वि.सं २०८७ सम्म दिगो विकासका लक्ष्य हासिल गरी मध्यम आय भएको राष्ट्रको रुपमा रुपान्तरण गर्ने राष्ट्रिय अभियानलाई स्थानीयकरण गरी राष्ट्रिय लक्ष्य हासिल गर्ने तथा स्थानीय आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्ने उद्देश्यलाई सहयोग पुर्‍याउने दृष्टिकोणबाट यस भद्रपुर नगरपालिकाको आ.व.२०७६।०७७ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

**'पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धिसहितको भद्रपुर नगर'** भन्ने यस नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई उद्योग-व्यापार, कृषि, पर्यटनको विकास एवम् विस्तारद्वारा पूर्वी नेपालकै नमूना आधुनिक सहरको रुपमा विकास गरी 'समृद्ध भद्रपुर' निर्माण गर्ने अभियानमा हामी छौं । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय सरकारबाट जारी गरिएका नीति-कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा सम्बन्धी निर्देशिका २०७५,पन्ध्रौं योजना, दिगो विकासका लक्ष्यहरु तथा विकासका अन्य अन्तरसम्बन्धित विषयलाई समेत आधार मानी यो नीति कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

सहभागितात्मक योजना तर्जुमाको प्रक्रिया अवलम्बन गरी बस्तीस्तरको भेला, वडा समितिको बैठक हुँदै विभिन्न विषयगत समितिमा विषयक्षेत्रअनुसार वर्गीकरण गरी योजनाको प्राथमिकीकरण तथा

बजेटको व्यवस्था गरी एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सबै विषयगत क्षेत्रका योजनाहरुलाई एकीकृत गरी बजेट विनियोजनको प्रस्ताव समेत तयार गरी कार्यपालिकाको बैठकमा छलफल गरी यस नगरसभामा एकमुष्ट रुपमा नीति कार्यक्रम तथा बजेट पेश गरिएको छ ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म चालु आ.व.२०७५।०७६ मा सञ्चालित नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको छोटो समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

- नगरपालिका क्षेत्रमा वडास्तरीय योजना ११२ वटा र नगर क्षेत्र पूर्वाधार योजना १७ वटा सञ्चालनमा रहेकोमा चालु आ.व.को लक्ष्यको ९३% भन्दा माथि प्रगति हासिल गरिएको छ ।
- करिब ३ हजार घरको घर-नक्शा डिजिटलाइज गरी अभिलेखिकरण गर्ने कार्य सम्पन्न गरी घर-नक्शा दरखास्त फाराम अध्यावधिक गर्ने कार्य जारी रहेकोछ ।
- नेपाल सरकारको नीतिअनुरुप प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत यस नगरभित्र बेरोजगार नागरिकको सूची तयार गरी अभिलेखिकरण गरिएको छ । १४९ जना बेरोजगार नागरिकलाई विभिन्न रोजगारमूलक क्रियाकलापमा “श्रमको सम्मान, भद्रपुर नगरको अभियान” भन्ने नारा सहित संलग्न गराइएको छ ।
- भद्रपुर नगरपालिकाको वस्तुगत विवरण डिजिटल प्रविधिको माध्यमबाट संकलन गर्ने कार्य भइरहेको छ ।
- भद्रपुर नगरपालिकाले पूर्ण खोपयुक्त नगर घोषणाको तयारी चरण पूरा गरिसकेको छ ।
- नगरभित्रका सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरी सेवा सञ्चालन गरिएकोछ ।
- सबै वडामा इन्टरनेटको डेडिकेटेड लाइन विस्तार गरी राजस्व संकलन लगायतको सेवा-प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाइएको छ ।
- अपाङ्गता परिचयपत्र वितरणका लागि वडा नं.१, २ र ३ का लाभग्राहीहरुलाई लक्षित गरी अपाङ्गता परिचयपत्र वितरण शिविर सञ्चालन गरिएको छ ।
- नगरभित्रका जेष्ठ नागरिक तथा महिलाहरुलाई लक्षित गरी विभिन्न वडामा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।
- भद्रपुर नगरपालिकाको महत्वपूर्ण नगरगौरव पूर्वाधारका योजनाहरुको निर्माण कार्यलाई योजनाबद्ध ढंगबाट अगाडि बढाउन कमलधाप पर्यटकीय क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार गरी बहुवर्षीय खरिद योजनाअन्तर्गत पहिलो चरणमा गरिने क्रियाकलापहरुको लागि ठेक्का बन्दोबस्त गरी निर्माण कार्य अगाडि बढाइएको छ ।
- व्यवस्थित शवदाह गृह तथा कब्रस्तान निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अगाडि बढाइएको छ ।

- विपन्न सन्थालवर्गलाई आवासको प्रत्याभूति गर्ने उद्देश्यअनुरुप अर्थ मन्त्रालयको विशेष अनुदान अन्तर्गत प्राप्त बजेटबाट "नगर प्रमुख आवास कार्यक्रम"अन्तर्गत भद्रपुर वडा नं.१ र ३ मा २४ वटा घरधुरीलाई आवास भवन निर्माण गरी हस्तान्तरण गर्ने कार्यक्रम अन्तिम चरणमा पुगेको छ ।
- प्रदेश सरकारको सशर्त अनुदानको रुपमा प्राप्त बजेटबाट वडा नं.५, ६ र ८ मा पर्ने संगमचोकदेखि भद्रपुर भन्सारसम्मको बाटो स्तरोन्नति गर्ने योजनाअन्तर्गत विस्तृत डिजाइन तथा लागत अनुमान प्रतिवेदन तयार गरी हाललाई संगम चोकदेखि जनताचोकसम्मको खण्डको लागि ठेक्का बन्दोबस्त गरी कार्य अगाडि बढाइएको छ ।
- भद्रपुरलाई व्यवस्थित नगरको रुपमा विकास गर्नका लागि सेनिटरी ल्याण्डफिल्ड साइटको विस्तृत परियोजना प्रतिवेदन तयार गरी ल्याण्डफिल्ड साइट निर्माणको लागि तयारीको चरण पूरा गरिएको छ ।
- यस नगरपालिकाको सबै वडाहरुमा शौचालयहरु निर्माण सम्पन्न भई सबै वडा खुला दिशामुक्त घोषणा सम्पन्न गरी भद्रपुर नगरपालिका क्षेत्रलाई नै २०७६ मंसीर २१ गते खुला दिशामुक्त नगर घोषणा कार्य सम्पन्न गरिएको र पूर्ण सरसफाई तथा वातावरणमैत्री अभियान अगाडी बढाउन योजनाबद्ध ढंगले अघि बढी रहेकोछ ।
- नगरपालिकालाई विज्ञान तथा प्रविधिमैत्री बनाउने उद्देश्यअनुरुप भद्रपुर-९ मा रहेको जग्गामा साइन्स सिटी बनाउनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी साइन्ससिटी निर्माणको प्रक्रिया अगाडि बढाइएको छ ।
- औद्योगिक ग्राम स्थापनाका लागि स्थान छनौट गरी संभाव्यता अध्ययनको कार्य शुरु गरिएको छ ।
- नगरवासीलाई आधारभूत स्वास्थ्य सुविधा वडास्तरमै उपलब्ध गराउन तीन स्थानमा आधारभूत स्वास्थ्य केन्द्र भवनहरु निर्माण गर्ने ठेक्का सम्झौता भई बाँकी दुई स्थानको लागि ठेक्का बन्दोबस्तको तयारी भइरहेको छ र निर्माण कार्य सम्पन्न नहुञ्जेलसम्मका लागि तत्काल स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक तयारी भइरहेको छ ।
- वडाबाट प्रदान गरिने सेवालाई सुव्यवस्थित बनाउन वडा कार्यालय भवनको आवश्यकतालाई मध्यनजर गर्दै वडा नं. २ र ७ मा वडा प्रशासनिक कार्यालय भवन निर्माण गर्ने कार्यको ठेक्का बन्दोबस्त भइसकेको छ ।
- नगरलाई हराभराका साथै आर्थिक रुपबाट समेत सबल बनाउन र नेपाल सरकारको नीतिअनुरुप वातावरण दिवसको सन्दर्भ पारी फलफूलका करिब ४५०० विरुवा वितरण तथा वृक्षारोपण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- न्यायिक समितिबाट ४९ वटा मुद्दा फछ्र्यौट गर्नुका साथै मेलमिलापकर्ताको लागि निरन्तर क्षमता अभिबृद्धिका तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- भद्रपुर नगरपालिकाका विभिन्न क्षेत्रमा ७ पटक बजार अनुगमन गरी उपभोक्ता हकाधिकार संरक्षण गरी व्यापार व्यवसाय नियमन र व्यवस्थापन गर्ने कार्य गरिएको छ ।
- नगरपालिकाको राजस्व प्रशासन पारदर्शी र जनउत्तरदायी बनाई अघि बढ्न राजस्व सुधार योजना तयारी कार्य सम्पन्न भैसकेकोछ ।

- चालु आ.व.२०७५।०७६ सम्ममा दोस्रो नगरसभाबाट स्वीकृत आन्तरिक राजस्व रु.७ करोड ९२ लाख ५ हजार संकलन गर्ने लक्ष्य रहेकोमा २०७६ जेष्ठ मसान्तसम्ममा रु.६ करोड ५४ लाख ६६ हजार संकलन भई लक्ष्यको तुलनामा ८३% प्रगति हासिल भएको छ ।
- दोस्रो नगरसभाबाट स्वीकृत चालु आ.व.२०७५।०७६ को प्रस्तावित बजेट रु. ७२ करोड ४१ लाख १७ हजार भएकोमा चालु आ.व.मा संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम, नेपाल सरकारबाट विशेष अनुदान अन्तर्गत प्राप्त नगर प्रमुख आवास कार्यक्रम (सन्थाल आवास गृह निर्माण), समपुरक अनुदान (कमलधाप पर्यटकीय क्षेत्र विकास), प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समावेश गर्दा रु.९० करोड १३ लाखको संशोधित बजेट मध्ये हालसम्म रु.५० करोड ६९ लाख ६६ हजार खर्च भई संशोधित बजेटको तुलनामा ५६ % खर्चमा प्रगति भएको छ ।
- जेष्ठ नागरिक स्वास्थ्य केन्द्रको निर्माण कार्य गरी जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण लगायतको सेवा विस्तार गरिनेछ ।

**आदरणीय सदस्यज्यूहरु,**

म अब नगरपालिकाले निर्दिष्ट गरेका 'समृद्ध भद्रपुर' को उद्देश्यहरु पूरा गर्नको लागि आगामी आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम तयार गर्दा अंगिकार गरिएका प्राथमिकता निर्धारणका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नगरपालिकालाई अन्तरदेशीय व्यापारिक नाकाको रुपमा विकास गर्ने ।
- नगरपालिकालाई अर्ग्यानिक उत्पादन क्षेत्र तोकी तरकारी खेती, फलफूल उत्पादन, माछा-मासु उत्पादन, पशुपालन तथा दुध उत्पादन, मौरीपालन व्यवसायमा आत्मनिर्भर बनाउने ।
- नगरपालिकालाई आधारभूत पूर्वाधारले सम्पन्न बनाउने ।
- नगरपालिकामा लगानीमैत्री वातावरण सिर्जना गरी कृषि, उद्योग तथा व्यापार/व्यवसाय र पर्यटनलाई प्रवर्द्धन गर्ने ।
- महिला हिंसाविरुद्धका कार्यक्रम, बालमैत्री, अशक्त, असहाय, गरिब तथा जेष्ठ नागरिकको सम्मान तथा हक-अधिकारको सुनिश्चितता तथा न्यायिक समितिलाई सक्रिय गरी सर्वसुलभ न्याय सेवा मार्फत सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
- वातावरण संरक्षण र सम्बर्धन गर्दै स्वच्छ, सफा, हराभरा र सुरक्षित शहर निर्माण गर्ने ।
- सेवा प्रवाहमा सूचना-प्रविधिको प्रयोग गरी सेवाग्राहीमैत्री नगर बनाउन क्षमता अभिबृद्धि गर्ने ।
- नेपाल सरकारबाट लागु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमको नीति अनुसार भद्रपुर नगरपालिका क्षेत्र भित्र रोजगारीको श्रृजना गरिनेछ ।

**सहभागी सदस्यज्यूहरु**

अब म आर्थिक वर्ष २०७६/०७७ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकासतर्फ**

**क) कृषि**

- कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाका साथै स्वरोजगारको अवसर सिर्जना गर्ने,
- नगरभित्र रहेका व्यावसायिक कृषि पेशामा संलग्न व्यक्ति, फर्म, कृषक समूह, कृषि उद्यमी, व्यावसायिक संघ-संगठनहरु सूचीकृत गर्ने,
- 'एक वडा एक उत्पादन' कार्यक्रम सञ्चालन गरिने,
- सहकारीमार्फत कृषकहरुलाई सहज रुपमा कृषि ऋण तथा अनुदानको व्यवस्था गरी सहकारितामा आधारित सामुहिक खेती प्रणाली प्रवर्द्धन गर्ने,
- कृषि संकलन केन्द्र स्थापना गरी विषादीरहित कृषि उत्पादनको बजारीकरण गर्न त्यस्ता उत्पादनको छुट्टै बिक्रीकक्ष निर्माणका लागि सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ,
- कृषिवस्तु उत्पादन हुने क्षेत्र पहिचान गरी उत्पादन र उत्पादकत्व बढाउने गरी सामुहिक वा सहकारी प्रणालीद्वारा भौतिक पूर्वाधार, उपकरण, मल, बीउ, तालिमको व्यवस्था गर्ने,
- बाँझो रहेका निजी तथा सार्वजनिक जग्गाको पहिचान गरी सहकारी संस्थासँग सहकार्य गरी नमुना जैविक खेती प्रणालीको विकास गर्ने,
- शिक्षित बेरोजगार युवालाई कृषि पेशामा आकर्षित गराई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने,
- माछापालनको क्षेत्र विस्तार गरी नयाँ पोखरी निर्माण तथा पुरानो पोखरी मर्मत गर्ने,
- स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादन, प्रशोधन र वितरण गर्ने,
- दुग्ध उत्पादन र उत्पादकत्व बृद्धि गर्न व्यावसायिक गाईपालक कृषकलाई बाच्छी मात्र उत्पादन हुने वीर्य (Sexed Semen) खरिद गरी वितरण गर्ने,
- कुखुरा तथा अण्डा उत्पादन गर्ने कृषकलाई प्रबर्द्धन गरी अण्डामा आत्मनिर्भर हुने,
- फलफूलको आयात प्रतिस्थापन गर्न व्यावसायिक रुपमा फलफूल खेतीको विस्तार एवम् प्रबर्द्धन गर्ने,
- कृषकका लागि विरुवा अनुदान कार्यक्रम संचालन गर्ने,
- सहकारीहरुसँग समन्वय गरी सुपथ मूल्य नमूना बिक्रीकक्ष सञ्चालन गर्ने ।
- कृषिबाली तथा पशुधन विमासम्बन्धी सरकारीस्तरको कार्यक्रम जनस्तरसम्म पुर्‍याउने ।

**ख) उद्योग तथा वाणिज्यतर्फ**

- औद्योगिक क्षेत्रको विस्तारका लागि सम्भाव्यता अध्ययन गर्ने,
- कृषिजन्य उद्योग स्थापना गरी रोजगार सिर्जना गर्ने,
- औद्योगिक ग्रामको स्थापना गर्ने,
- औद्योगिक क्षेत्र तोकी पूर्वाधार विकास गर्ने,
- उद्यमशीलताको लागि लघु उद्यमी विकास तथा सहयोग कार्यक्रम संचालन गर्ने,
- उद्यमीहरुको क्षमता अभिबृद्धि तालिम संचालन गर्ने,
- उपलब्ध कच्चापदार्थको आधारमा (कृषि, वन, वनस्पति, जडिबुडी) कृषि उद्योग स्थापना गर्ने,

- उद्योगको उत्पादन लागत घटाउने प्रविधिको बारेमा खोज-अनुसन्धान गर्ने,
- आयातलाई प्रतिस्थापन गरी निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगहरु स्थापना गर्ने,

**ग) पर्यटन**

- पर्यटन सूचना केन्द्र स्थापना गर्ने,
- पर्यटन पूर्वाधारको विकास तथा विस्तार गर्ने,
- पर्यटकको सुविधाका लागि स्तरीय होटल निर्माण गर्ने तथा पर्यटकमैत्री व्यवहार प्रबर्द्धन गर्ने,
- नगर क्षेत्रमा रहेका मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थल, गुम्बा आदिको संरक्षण गर्ने,
- पुरातात्विक महत्वका धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण गरी पर्यटन पूर्वाधार निर्माण गर्ने,
- विस्तृत परियोजना प्रस्तावबमोजिम कमलधापमा सिमसार पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण गर्ने,
- नगर क्षेत्रभित्र मनोरञ्जन पार्क, बाल उद्यान, साइन्ससिटी, सिमसार, पिकनिकस्थल लगायतका पूर्वाधार निर्माण गर्ने,
- सन्थाल, राजवंशी, थारुलगायतका आदिवासी जातजातिको मौलिक संस्कृति संस्कारको जगेर्ना र ती समुदायको क्षमता अभिबृद्धि गर्ने र त्यसता क्लष्टरहरुमा पहिचानयुक्त होमस्टे पर्यटनलाई प्रबर्द्धन गर्ने,

## पूर्वाधार विकासतर्फ

### क. भौतिक पूर्वाधार तथा यातायात

- क्रमागत योजना सम्पन्न गर्न प्राथमिकता दिइने,
- नगरपालिकामा आधुनिक बसपार्क तथा टर्मिनल निर्माण गरी लामा तथा छोटा दुरीका बस तथा सवारी साधन व्यवस्थित रुपमा संचालन गर्ने,
- मुख्य सडकका चोक र बजारमा बस बिसौनी चौतारा निर्माण गर्ने,
- सिटी सफारी र टेम्पोहरुको स्टेण्ड निर्माण गर्ने,
- झोलुङ्गे पूलहरु निर्माण गर्ने,
- सडक निर्माण गर्दा बायो इञ्जिनियरिङ तथा वृक्षारोपणमा जोड दिने,
- नगरपालिका क्षेत्रका सम्पूर्ण बस्तीलाई ग्राभेल सडक-सञ्जालमा जोड्ने,
- भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्ने/गराउने,
- नगरपालिकामा यात्रुमैत्री सार्वजानिक यातायात सहजरुपमा संचालन गर्न नियमन गर्ने,
- मुख्य सडकमा अनिवार्य जेब्राक्रसिङ र ट्राफिक लाइटको व्यवस्था गर्ने,

### ख) सिंचाई

- भूमिगत जल तथा सतह सिंचाई आयोजना निर्माण गर्दै व्यवस्थित रुपमा सञ्चालनमा ल्याई उत्पादनमा वृद्धि गर्ने,

- स्यालो टयुवेलहरु निर्माण गर्ने,
- थोपा सिंचाई आयोजना निर्माण गर्ने,
- पोखरी सिंचाई अभियान संचालन गर्ने,
- कृषि विद्युतीकरण गरी सिंचाई विस्तार गर्ने,
- सोलार सिंचाई आयोजना निर्माण गर्ने,

**ग) विद्युत, वैकल्पिक उर्जा तथा सञ्चार :**

- बजार क्षेत्र तथा बस्तीहरुमा सडक बत्ती व्यवस्था गर्ने,
- वैकल्पिक उर्जा विकास तथा विस्तार गर्ने,
- विद्युत प्रशारण लाइनको स्तरोन्नति गरी सडक बत्ति सुविधालाई थप व्यवस्थित गर्दै विद्युत चुहावट शुन्य नगर बनाउने,
- विद्युत महसुल केन्द्र विस्तार तथा विद्युतीय सेवा मार्फत प्रभावकारी बिलिङ्ग व्यवस्थापन गर्ने,
- कृषि पकेट क्षेत्रमा कृषि विद्युतीकरण गर्ने,
- कार्यालयको सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्ने,
- नगरक्षेत्रमा इन्टरनेट विस्तार गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,
- मुख्य पर्यटकीय क्षेत्रमा निःशुल्क इन्टरनेटको व्यवस्थापन गर्ने,

**<u>सामाजिक विकासतर्फ</u>**

**क) शिक्षा**

- नक्साङ्कनका आधारमा अनावश्यक स्थानमा रहेका विद्यालयहरुलाई समायोजन गर्ने,
- प्रत्येक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था मिलाउने,
- प्रत्येक विद्यालयमा भौतिक सुविधा विस्तार (कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला र बाहिरी वातावरण) कार्यक्रम सञ्चालन गर्ने,
- बाल विकास केन्द्रहरु सुधार गर्ने,
- शिक्षक-शिक्षिकाहरुलाई समयानुकूल पुनर्ताजगी तालिम प्रदान गर्ने,
- नगर क्षेत्रमा प्राविधिक शिक्षालय स्थापना गर्ने,
- सामुदायिक विद्यालयमा नमुना विज्ञान प्रयोगशाला स्थापना गर्ने,
- विद्यालयको भौतिक पूर्वाधारमा फर्निचरको व्यवस्था गरी रङरोगनमा एकरुपता ल्याउने,
- विद्यार्थी-शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्ने,
- विद्यार्थीको Retention Rate बृद्धि गर्न लक्षित समूहका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने,
- कृषि विषय अध्यापन गराउने सामुदायिक विद्यालयमा माटो परीक्षण ल्याव स्थापना गर्ने,
- विद्यालयमा सफ्टवेयरको प्रयोग गरी लेखा प्रणालीलाई व्यवस्थित गर्ने र कर्मचारीलाई प्रशिक्षित गर्ने,

- विद्यालयमा बालबालिकाका लागि शैक्षिक तथा खेल सामग्री व्यवस्थापन गर्ने,
- विद्यालयमा बालबालिकाहरुको प्रतिभा पहिचानका कार्यक्रमहरु संचालन गर्ने,
- माध्यमिक विद्यालयहरुमा Innovation center स्थापना तथा सञ्चालन गर्ने,
- विद्यालयहरुमा खानेपानी पाइपलाइन व्यवस्थित गर्ने र विद्यालयहरुमा पानीको पहुँच पुऱ्याउने,
- विद्यालयहरुको पोशाक भड्किलो हुन नदिई एकरुपता कायम गर्दै जाने,

**ख) स्वास्थ्य**

- प्रत्येक वार्डमा कम्तीमा एउटा स्वास्थ्य संस्था (स्वास्थ्य चौकी वा शहरी स्वास्थ्य केन्द्र) स्थापना गर्ने,
- नगरस्तरीय अस्पताल स्थापना,
- जेष्ठ नागरिक सेवाकेन्द्र स्थापना तथा संचालन,
- पूर्ण खोप सुनिश्चितता र दीगोपना,
- सबै स्वास्थ्य संस्थामा प्रसुती सुनिश्चितता र मातृसेवा प्रबर्द्धन,
- रोग तथा महामारी नियन्त्रणलाई प्रभावकारी बनाइने,
- स्वस्थ्यजीवनशैली अपनाउँदै नसर्ने रोग रोकथाम तथा व्यवस्थापन गर्ने,
- नगरवासीको स्वास्थ्यमा असर पर्ने विषादीको प्रयोग र बिक्री-वितरण नियन्त्रण गर्ने,
- परिवार नियोजन प्रयोगकर्ताको दरमा बृद्धि गर्न सचेतनामूलक कार्यक्रम संचालन गर्ने,
- यौन रोग तथा HIV AIDS सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,
- लक्षितवर्गमा निःशुल्क औषधि उपलब्ध गराई स्वास्थ्य केन्द्रको सेवासुविधालाई सर्वसुलभ बनाउने,
- योग साधन केन्द्र स्थापना तथा योग शिविरहरु सञ्चालन गर्ने,
- विपन्न नागरिकहरु, दलित तथा मजदुरका लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने,

**ग) खानेपानी, सरसफाई तथा ढल निकासतर्फ**

- विद्यालयको खानेपानी ट्याङकीको उचित सरसफाई तथा समय-समयमा मर्मत-सम्भार गर्ने,
- बिच्छ्याइएका पाइपको मर्मत-सम्भार तथा पानी चुहावट रोक्ने,
- परम्परागत पोखरी र सिमसार क्षेत्रको संरक्षण गर्ने,
- बजार केन्द्र, बसपार्क तथा मुख्य बस्तीहरुमा व्यवस्थित सार्वजनिक शौचालय निर्माण गरी सरसफाई तथा मर्मत-सम्भारको उचित प्रबन्ध गर्ने,
- प्रत्येक विद्यालयमा छात्रामैत्री शौचालय निर्माण गर्ने,
- बजार क्षेत्रको नाली व्यवस्थापन गर्ने,
- स्रोतमै वर्गीकरण गरी फोहोरको उचित व्यवस्थापन गरी बायोग्यास प्लान्ट निर्माण गर्ने, साथै जनचेतना अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने,
- प्लाष्टिकजन्य नकुहिने वस्तुको प्रयोगमा बन्देज लगाउन जनस्तरबाटै चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- नगर क्षेत्रमा पहिचान गरी विस्तृत परियोजना प्रस्ताव तयार गरिएका शवदाहस्थल निर्माण गर्ने,

### घ) महिला, बालबालिका तथा लक्षित समूह

- लक्षितवर्ग तथा गरिब र विपन्न वर्गका लागि शीपमूलक तथा आयमूलक तालिम सञ्चालन गर्ने, लक्षित समूहमा साक्षरता विकास कार्यक्रम सञ्चालन गर्ने,
- "बालबालिका हामी सबैका प्यारा, बालमैत्री नगर हाम्रो अभिभारा" भन्ने नाराका साथ बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा अभियानलाई तीव्रता दिइने,
- बाल महोत्सव आयोजना गर्ने,
- प्रत्येक वडा कार्यालयमा बाल उद्यान निर्माण गर्ने,
- बाल अधिकारका बारेमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- बालगृह संचालन गरी सडक बालबालिकाको व्यवस्थापन गर्ने,
- बालश्रमिक तथा बालविवाह जस्ता कुप्रथाबिरुद्ध वडास्तरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,
- महिलाको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरी महिला हक-अधिकारको सुनिश्चित गर्न महिलालाई अग्रसर गराउने,
- महिला सहकारीको प्रबर्द्धन गर्ने,
- महिला उद्योग ग्राम स्थापना तथा सञ्चालन गरी महिलाहरुलाई स्वरोजगार बनाउने,
- अपाङ्गता नागरिक ग्राम कार्यक्रमलाई प्रबर्द्धन गर्दै उपचार सेवा विस्तार गर्ने,
- उपचारका लागि हेरचाह (I2C) कार्यक्रमलाई निरन्तरता दिइने,

### ङ) न्यायिक समिति

- मेलमिलापकर्ताहरुको क्षमता विकास गरी न्याय सम्पादनमा सहजीकरण गर्ने,
- न्यायिक समितिको क्रियाकलापलाई थप व्यवस्थित र प्रभावकारी बनाइने,

### च) खेलकुद

- स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्ने,
- भद्रपुर नगरपालिका क्षेत्रका खेलाडीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगितामा सहभागी गराउन उचित प्रशिक्षण प्रदान गर्ने,
- खेलकुदको महत्व अभिबृद्धि गर्न विद्यालय तथा कलेजस्तरमा खेलकुदका कार्यक्रमहरु आयोजना गर्ने,
- नगरभित्र रहेका खेलमैदानको स्तरोन्नति गरी प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने,
- सम्पूर्ण उच्च मा.वि.हरुमा खेलमैदान निर्माण गर्ने,
- वडास्तरमा खेलाडीहरुको क्षमता बृद्धि गर्न प्रशिक्षकहरु व्यवस्था गरी तालिम प्रदान गर्ने,
- मेची रंगशालाको स्तरोन्नति गरी आवासीय खेल प्रशिक्षण केन्द्रको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्ने,

## वातावरण तथा विपद् व्यवस्थापनतर्फ

**क) वन तथा वातावरण संरक्षण**

- सार्वजनिक खाली जग्गाहरुमा बृक्षारोपण गर्ने,
- सार्वजनिक तथा नदी किनारको बाँझो जमीनमा फलफूलका विरुवा रोपण गरी संरक्षण गर्ने,
- पूर्वधार विकासमा वातावरणमैत्री अवधारणा लागू गर्ने,
- सार्वजनिक जग्गाहरुको लेखाजोखा गरी त्यसको संरक्षण-सम्बर्द्धन गर्ने,
- प्रदूषणरहित नगर बनाउन चेतनामूलक कार्यक्रम संचालन गर्ने,
- उद्योग, कलकारखानाबाट निस्कने धुवाँ-धुलो नियन्त्रणका लागि नियमित अनुगमन गर्ने,
- कलकारखानाबाट निस्कने फोहोर व्यवस्थापन गर्न आवश्यक पहल गर्ने,
- विद्यालयस्तरबाटै वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुमा वातावरण विनाश र त्यसको असरसम्बन्धी चेतना जगाउने,
- सामुदायिक वन उपभोक्ता समूहहरुसँगको समन्वय तथा सहकार्यमा दीगो रुपमा वन व्यवस्थापन तथा वन संरक्षण गर्ने,

**ख) जल उत्पन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन**

- नदी कटान क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुलाई सुरक्षित बासस्थानमा स्थानान्तरण गर्ने,
- बाढी तथा कटानको समस्या सामाधानका लागि दीर्घकालीन पक्की तटबन्धन गर्ने,
- विपद व्यवस्थापनका लागि सेल्टरहाउस निर्माण गर्ने,
- विद्यालयस्तरमा जुनियर रेडक्रस सर्कल गठन गर्ने,
- विद्यालयमा विपद व्यवस्थापन सम्बन्धी तालिम आयोजना गर्ने,
- भवन निर्माणसंहिता र निर्माण तथा योजना मापदण्ड कडाइका साथ लागू गर्ने,
- दक्ष आगलागी नियन्त्रक र उद्धार टोलीको व्यवस्था गर्ने,
- नगरभित्र जल उत्पन्न प्रकोपबाट हुने जोखिम क्षेत्रको नक्साङकन गर्ने,

## संस्थागत विकास तथा सेवाप्रवाहतर्फ

**(क) संस्थागत विकास तथा सेवाप्रवाह**

- सहभागितामुलक योजनातर्जुमा गर्ने,
- अनुगमन तथा सुपरिवेक्षण, समिक्षा गोष्ठी, सार्वजानिक सुनुवाई, सार्वजानिक लेखा परिक्षण, प्रभाव मुल्याङ्कनमा जवाफदेहिता, पारदर्शिता र उत्तरदायी बनाइने,
- सेवाप्रवाह तथा विकास निर्माणमा निजी, सामुदायिक तथा गैरुसरकारी संस्थाको सहभागिता गराउने,
- सम्पूर्ण वडा कार्यालयमा सुझाव-पेटिका र नागरिक बडापत्र व्यवस्था गर्ने,
- नागरिक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारमा संस्थागत सुदृढिकरण गर्ने,
- सेवा प्रवाहमा सूचनाप्रविधिको उपयोग गरी सुशासनमा जोड दिने,

- भद्रपुर भन्सारलाई व्यवस्थित एवम् आधुनिकीकरण गरी सञ्चालन गर्न सुख्खा बन्दरगाह लगायतका सेवा सुविधाका लागि आवश्यक पहल गरिने,
- समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई जनमुखी तथा संस्थागत विकास गराउनका लागि आवश्यक पहल गर्ने,
- नगरको सुरक्षाको प्रत्याभूति गराउनका लागि मुख्य चौक तथा बजार केन्द्रमा सेन्सर प्रविधी तथा सि.सि. क्यामराको सेवा विस्तार गर्ने,
- सञ्चार क्षेत्रको विकास तथा क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन तथा पत्रकारिता पुरस्कार प्रदान गर्ने,

**ख) सूचना प्रविधिको विकास**

- मोबाइल एप्सको निर्माण गर्ने,
- नागरिक सन्तुष्टिको सर्वेक्षण तथा सुझाव मोबाइल एप्सको माध्यमबाट लिने,
- नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुको अभिलेख तथा प्रगति विवरण सफ्टवेयरको माध्यमबाट व्यवस्थित गर्ने,
- सरकारी विद्यालयमा विद्युतीय हाजिरी व्यवस्था गरी लेखा प्रणालीलाई सुव्यवस्थित बनाउन सफ्टवेयरको प्रयोग गर्ने,
- पर्यटकीय स्थलहरुमा फ्रि-वाईफाईको व्यवस्था गर्ने,
- नगरका प्रत्येक घरधुरीमा इन्टरनेटको पहुँच पुरयाउन निजी क्षेत्रसँग सहकार्य गर्ने,
- IT House को निर्माण गरी प्रविधि सम्बन्धी निःशुल्क तालिमको आयोजना गर्ने,
- सबै वडा कार्यालयले नागरिकस्तरमा IT सम्बन्धी तालिम प्रदान गर्न internship को उपयोग गर्ने,
- नगरले प्रयोग गर्ने सम्पूर्ण सफ्टवेयर सेन्टरलाइज क्लाउड सिस्टमबाट सञ्चालन गर्ने,
- नगरवासीलाई प्रविधि सम्बन्धी अभिमुखीकरण गर्ने,
- नगरपालिकाको सबै क्षेत्रमा नेपाल टेलिकमको भरपर्दो सेवा उपलब्ध गराउन पहल गर्ने,

**ग) राजस्व परिचालन**

- घर बहालमा लगाएका घरधुरीको लगत तयार गरी सम्पति कर प्रणालीमा आबद्ध गर्ने,
- सम्पति कर संकलनलाई व्यवस्थित र वैज्ञानिक बनाउने,
- नक्सापास प्रक्रियालाई व्यवस्थित गर्न EBPS लागू गर्ने,
- स्थानीय पार्क, बगैँचा, पर्यटकीय क्षेत्र, पोखरी, सिमसार, खुल्ला क्षेत्र तथा मठ-मन्दिरको आवश्यक सुधार गरी व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउने,
- जनसहभागितामा आधारित योजनाहरु सञ्चालन गर्ने,
- कार्यालयका प्रशासनिक कामहरुलाई कम्प्यूटरकृत गर्ने,
- समपूरक कोषबाट अधिकतम परिचालन हुन सक्ने योजनाहरु सञ्चालन गर्ने,

- नेपाल सरकार, प्रदेश सरकारका निकायहरु तथा नगर विकास कोष, जिल्ला समन्वय समिति, सडक बोर्ड लगायतका विषयगत निकायबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने,
- दातृनिकाय तथा संस्थाहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने,
- नगरपालिकामा भएका उद्योग, व्यावसायिक फर्म तथा आर्थिक कारोबार गर्ने निकायहरु पहिचान गरी करको दायरामा ल्याइने,

**अन्त्यमा,**

ऐतिहासिक महत्व र पहिचान बोकेको भद्रपुर नगरपालिकाको विकास, समृद्धि, उन्नति र प्रगतिका लागि आजसम्म हामीलाई प्रत्यक्ष/परोक्ष रुपमा साथ-सहयोग तथा सल्लाह सुझाव प्रदान गर्नुहुने जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, सामाजिक संघ-संस्था, निजी आर्थिक क्षेत्र, प्रतिष्ठित व्यक्तित्वहरु, आम नगरवासी, कर्मचारी तथा पत्रकारहरु प्रति म हृदयदेखि नै कृतज्ञतासहित आभार व्यक्त गर्न चाहन्छु ।

नगरपालिकाको विकास निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति लगायतका सम्पूर्ण संघ संस्थाहरुलाई आभार व्यक्त गर्दै आगामी दिनमा नगरको समृद्धिका लागि सहयोग पाइरहने विश्वास लिएकोछु ।

स्थानीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत यस नगरका विभिन्न वडाहरुमा योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नमा सहयोग पुऱ्याउनु हुने संघीय तथा प्रदेशका माननीय सांसदज्यूहरुमा धन्यवाद ज्ञापन गर्दछु र आगामी दिनहरुमा सो कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन नगरपालिकाको संस्थागत समन्वय र सहकार्यमा गरी नगरको विकासमा सहयोग पुऱ्याउनु हुन्छ भन्ने अपेक्षा लिएकोछु ।

आगामी आ.व.२०७६।०७७ का लागि यस नगरपालिकाले अवलम्बन गर्ने नीति तथा सञ्चालन गर्ने योजना तथा कार्यक्रम सञ्चालनको क्रममा सम्पूर्ण नगरवासीबाट सकारात्मक एवम् रचनात्मक सहयोग प्राप्त हुने एवम् समन्वयकारी भूमिका रहने अपेक्षा राख्दै भद्रपुर नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रमको मेरो प्रस्तुति यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**जीवनकुमार श्रेष्ठ**
**नगरप्रमुख**
**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**मिति : २०७६।०३।१०**